दर्ता नं. १६४४
दर्ता मिति:-२०८३।०८।१९

श्री राष्ट्रिय मानब अधिकार आयोग, ललितपुर,नेपालमा पेश गरेको

निबेदन पत्र

बिषय : जीबन रक्षा गरि पाउँ।

म निबेदक नेपालको संबिधानको धारा २४९ तथा राष्ट्रिय मानब अधिकार आयोग ऐन , २०६८ को दफा १० बमोजिम निम्न लिखत निबेदन गर्दछु।

१. म निबेदक नेपाली नागरिक हुँ। म अध्ययन तथा व्यबसायिक कार्यका लागि बैदेशिक भ्रमण गरि रहने व्यक्ति हुँ। यसै सिलसिलामा म निबेदक मिति २०८३।०६।१४ गतेका दिन को करिब १०:३० बजे नयाँदिल्ली भारत जान भनि घरबाट त्रिभुवन अन्तराष्ट्रिय बिमान स्थल गए। त्यसको केही समय पछि त्रि.अ.बि.मा गई बोर्डिङ्ग पास लिएर अन्तिम सुरक्षा जाँच स्थलमा पुग्दा प्रहरीले मलाई त्यहाँबाट नियन्त्रणमा लिई म संग भएको २ वटा मोवाइल फोन खोसेर लिई बिमानस्थलबाट निकाली गाडीमा राखी आँखामा पट्टी लगाई लिएर गएका थिए। निजहरुले मलाई ऐजनको १४ गते देखि १५ गते साँझ सम्म अज्ञात स्थलमा कालो पट्टी लगाएरनै राखेका थिए। सो अबधिमा म संग बिभिन्न कुराहरु सोधपुछ गरेका थिए। सोधपुछको क्रममा तिमि बिरुद्ध हाम्रो व्यक्तिगत केही छैन भन्दै पुर्व प्रधानन्यायधिस चोलेन्द्र शम्शेर ज ब रा , उनका भाई तथा छोरा , राजनैतिक दल नेपाली काँग्रेसका सभापति गगन थापा , काँग्रेसका नेता तथा व्यबसायी उमेश श्रेष्ठ, भाटभटेनी सुपरमार्केटका संचालक मिन ब गुरुङ्ग , हिमालय होटलका नबिन तुलाधर , सर्वोच्च अदालतमा कार्यरत केही श्रीमानहरु बिरुद्ध प्रमाण र बयान दिए छाडी दिने नत्र म मात्र हैन मेरो परिवार समेतलाई नराम्रो हुन्छ भनि धम्की दिइयो। यि यि व्यक्तिहरु मध्ये कोही मेरो अत्यन्त राम्रो व्यक्तिगत सम्बन्ध र चिनजान रहेका कोही गुरु र शिक्षक समेत रहेका र केही मैले चिन्दै नचिनेका सार्वजनिक पदमा रहेका व्यक्तिहरु हुन। मैले बारम्बार आफुले पनि कुनै गैर कानूनी

कार्य नगरेको केवल फोन सम्पर्क गर्दैमा के कस्तो कसुर हुने हो र मलाई के कारणले पकाउ गरिएको हो , मेरो घर परिवारलाई जानकारी गराई दिनु भनि अनुरोध गर्दा समेत माथिकै कुराहरु मात्र गरिरहे । माथि उल्लेखित व्यक्तिहरुले के कसो गरेको आफुलाई जानकारीनै नभएको र अनाहकमा अरु विरुद्ध आफुले केही बोल्न नसक्ने भनि बारम्बार भन्दा समेत विभिन्न तरिकाले घुमाइ फिराई सोही कुरामात्र गरेका थिए । मैले नमान्दा निजहरुले लामो समय सम्म जेल बस्ने गरि झुटठा मुद्दा लगाउने , मेरो तथा मेरो परिवारकै जिउ ज्यानमै खतरामा पार्ने र सम्पुर्ण घर परिवारलाई नै समस्या हुने भनि मानसिक यातना दिई रहे । सो कममा मलाई फकाउने र तर्साउने काम गरि रहे । तत्पश्चात निजहरुले धेरै कुरा बोल्न पर्दैन हामीले यँहा लेखेको कुरा पढनुस अनि यसमा तपाईको सहमति भए कागज गराई छोडीदिन्छौ भनि एकतिरको आँखाको पटटी माथि सारी सबैले सुन्ने गरि पढ्नुस भनेकाले मैले सोही बमोजिम पढेको थिए । बेला बेलामा बिच बिचमा रोक्दै अलि छिटो भयो बिस्तारै हामी सबैले सुन्ने गरि ठुलो स्वरमा पढन लगाए । सो कुरा पढे पश्चात निजहरुले कागज तयार गरि मलाई तिनै पढेका कुरा लेखेका कागजमा सहि गर्नु भनि भन्दा मैले जानकारी नै नरहेको तपाइहरुले पढन लगाएका र सो सम्बन्धमा मलाई थहा जानकारी समेत नभएको कुराहरु उल्लेख गरिएको हुँदा मैले गर्दै नगरेका र मलाई थाहा नै नभएका झुटठा कुराहरुमा सहि गर्न सक्दिन भनि मैले उक्त कागजमा दस्तखत गर्न इन्कार गरेको थिए ।

२. मैले निजहरुले भने बमोजिमको कागजमा लामो समयसम्म सहि गर्न नमाने पछि अब यसलाई यत्तिकै छाड्ने हैन मुद्दा लगाएर खोर भित्र हाल्नु पर्छ अनि नमानेर सुख हुन्छ र भनि मेरो आँखाको पट्टी लगाई त्यसमाथी अर्को चश्मा लगाउन लगाई फेरी गाडीमा हालि त्यहाँबाट लिएर हिडेका थिए । गाडीबाट ओराल्दा आँखाको पट्टी र चश्मा निकालेको हुँदा साँझको समयमा जिल्ला प्रहरी परिसर भद्रकाली काठमाण्डौंमा ल्याई पुरयाएको थहा पाएँ । लगतै प्रहरीहरुले २ वटा कागज ल्याई मेरो खल्तिमा हालि दिए र मलाई थुनामा राखे । त्यसको भोलीपल्ट १६ गते बिहान अं.८:३० बजेको समयमा मलाई हथकडी लगाई मैले यात्राको लागि लगेको २ वटा सुटकेश सहित मलाई प्रहरीको भ्यानमा राखी खान तलासी गर्नु छ तपाई बस्ने ठाँउ कता हो लिएर हिड्नुस भनेकाले मैले मेरो बासस्थान रहेको का. जि.का म न पा वडा नं.३ स्थित पानी पोखरी हाइट होम्स । अपार्टमेन्टमा लगेको थिए । त्यँहा पुगे पछि मेरो सुटकेश गाडीबाट निकाली घरको गेट भित्र आँगनमा राखे र मलाई हथकडी लगाएकै अबस्थामा गाडीबाट ओराली कँहा के छ देखाउनुस भनि घर भित्र लिएर गएका थिए । घरमा मेरै ५ महिने छोरी सहित मेरी श्रीमति र जेठान हरु मलाई देखि आत्तिनु भयो । प्रहरीले घरका सबै कोठाहरु खानतलासी गरि पुरानो ल्यापटप, पुरानो फोन र केही कागजातहरु मात्र

फेला परे पछि प्रहरी मध्येकै एक जनाले फोनमा यँहा केही भेटिएन भने पछि फेरी उसैले इशारा गरेर घर अगाडी राखी राखेको सुटकेश भित्र ल्याई सुटकेश भित्र रहेको मेरो साइड व्याक बाट केही बिदेशी मुद्राहरु निकाली फेरी फोनमा यति मात्र रहेछ भनि जानकारी गराए पछि यहि भने पनि मुचुल्का बनाएर लानु पर्छ भनि भेटिएका ल्यापटप , पुरानो फोन र मेरो सुटकेशबाट निकालेका पैसालाई घरमा फेला परेको भनि मुचुल्का बनाए । सो मुचल्का बनाउँदा मेरी श्रीमतिको दस्तखत पहिल्यै खाली पेजमा गराएको थियो । यसका साथै म बाट २ दिन अगाडी नै खोसिएको आइ फोन समेत घरबाटनै बरामद भएको भनि उल्लेख गर्न खोज्दा मेरा आफन्तले नभएको फोनको कसरी बरामद भएको भनि लेख्न सक्नु हुन्छ ? भनि प्रश्न गर्दा सो बारेमा उल्लेखनै नगरी बरामदी मुचुल्का बनाई मलाई त्यहा बाट लिई हिडे ।

३. मलाई १४ गते साँझको समयमा त्रिभुवन बिमानस्थल अगाडीको सार्वजनिक सडकमा महिला लगायतका सर्वसाधारणहरु उपर अश्लिल हर्कत गरि अभद्र व्यबहार गरेको भनि मुद्दामा म्याद थप गरेका रहेछन् । जुन गलत हो मलाइ प्रहरीले बिमानस्थलको सडक खण्डबाट होइन बिमानस्थल भित्रबाट पक्राउ गरेको हो । मैले कसैलाई अभद्र व्यबहार गरेको छैन , मलाई भित्रबाट पक्राउ गरिएकाले सि सि टि भि फुटेज झिकाएर चेक जाँच गरियोस , मेरो नामको इस्यू भएको कागजात र बोर्डिङ्ग पास समेत हेर्दा प्रष्ट हुन्छ म निर्दोष भएको भनि कसुरमा इन्कार गर्दा निजहरुले मबाट १३००। अक्षरुपी तेह्र सय अमेरिकी डलर र केही भारतिय रुपैयाँ बरामद भएकाले उक्त रकम राष्ट्र बैंक अन्तर्गतको कसुर भएको भनि काठमाण्डौं जिल्ला अदालतमा म्याद थपको लागि पेश गरेका थिए । मेरो कानून व्यबसायीले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको बिदेशी बिनिमय कारोवार गर्ने सम्बन्धि परिपत्र २०८२ को बिषय सुचि ९ नं.अन्तर्गतको नेपाली नागरिकले नगदै राख्न सक्ने र सटही गर्न सक्ने परिबर्त्य बिदेशी मुद्राको सम्बन्धमा भएको कानूनी व्यबस्था अन्तर्गतनै निजले आफनो साथमा यू एस डि लिएर गएको हो, कानून बमोजिमको काम अपराध होइन, गैरकानूनी थुनामा हो भने पछि प्रहरीले मलाइ उक्त मुद्दा माथि सम्पति शुद्धिकरण मुद्दा थप गरि म बिरुद्ध झुट्ठा मुद्दाहरु श्रृजना गरि थुनामा नै राख्ने प्रबृत्त भाबना लिई मेरो स्वतन्त्रता हरण गरेका छन् ।

४. हाल आएर मलाई प्रहरीले माथिको प्रकरण नं. १ मा पढन लगाएका कुराहरु नेपाली कांग्रेस को आधिकारिकताको बिबाद...सर्वोच्च अदालतका मा.न्या. ...हरुको सेटिङ्ग .....जस्ता अडियोको सम्बन्धमा मैले मेरो आफन्तहरुबाट र पछि प्रहरीले थप बयानका कममा सुनाउँदा थाहा पाए । मैले भन्दै नभनेका र जान्दै नजानेको र सो बारेमा कुनै

थाहा जानकारीनै नभएको कुराहरु मलाई पकाउ गरेको दिन प्रहरीले पढन लगाएका कुराहरु काँटछाट गरि सार्वजनिक गरिएको भन्ने थाहा पाउँदा उक्त दिन मैले पढेको कुराहरु प्रहरीले रेकर्ड गरेको थाहा पाए । प्रहरीले उक्त अडियो परिक्षणको नाममा मलाई फेरी स्वर तपाईको हो होइन भनि सोधपुछ गरेको र उक्त आबाज आफनै जस्तो रहेको तर भनेका कुराहरु याद नभएको भनि उल्लेख गरि बयान लिएको छ । सोही अडियोकै आधारमा बयान दिनु पर्ने भनि मानसिक दबाब र यातना दिइदै आएकाले अनुसन्धान कानून बमोजिम भन्दा केही व्यक्ति बिशेषका निर्देशनमा भई रहेको र यातनाबाट तयार पारिएको समाग्रीलाई प्रमाण बनाई म लगायत माथि उल्लेखित व्यक्तिहरुलाई झुटठा मुद्दा चलाउने, केही निजहरुको सार्वजनिक जीबनमा असर पार्न सक्ने गंभिर आँशका उत्पन्न भएको र म लगायत मेरो परिवारको जिउ ज्यान र स्वतन्त्रता माथि नै आघात पुरयाउने सम्मको धम्की दिएकाले लामो समय देखि म तनाबमा रहेको छु । सो कुरा कसैलाई भन्न सकेको समेत थिइन् र मेरो श्रीमतीले मेरो शारिरिक तथा मानसिक अबस्थाको कारण बारे सोधपुछ गरी चिन्ता समेत व्यक्त गरेकाले आफु माथि भएको शारिरिक तथा मानसिक यातनाको सम्बन्धमा निजलाई भनेको थिए । निजले मेरो कानून व्यबसायीलाई यि कुरा जानकारी गराएकाले आफनो जिउ ज्यानको सुरक्षाका लागि मानब अधिकार आयोगमा निबेदन दिन सक्ने भनि सल्लाह पाएकाले सोही बमोजिम प्रस्तुत निबेदन लिई आएको छु । प्रहरीले मेरो मोबाईल समेत २ दिन सम्म अन्य अनाधिकृत व्यक्तिलाई दिएको र ति व्यक्तिबाट म प्रहरीकै नियन्त्रणमा रहँदा त्यसमा छेडखानी गरि हुँदै नभएका बिभिन्न प्रमाणहरु श्रृजना गरेको, ए आई बाट श्रृजित कागजात समेत प्रमाणको रुपमा प्रस्तुत हुन थालेको भन्ने समाचार आई रहेको कुरा मेरो आफन्त र कानून व्यबसायीबाट थहा जानकारी भएकाले म निबेदकलाई फसाउनका लागि बिभिन्न परिपञ्च तथा षडयन्त्र गरि रहेको हुँदा सो तर्फ समेत सम्मानित आयोगबाट अनुसन्धान गरि दोषिहरु उपर कानून बमोजिम कारवाहीको सिफारिस समेत गरि पाउँ । अनुसन्धानका प्रमाणहरु र सो सम्बन्धि सामाग्रीहरु एवम् झुटठा प्रमाण श्रृजना गर्ने र बाहिर चुहाउने अनुसन्धानमा कार्यरत तथा अन्य सम्बन्धित व्यक्तिहरु समेत उपर अनुसन्धान गरी कानून बमोजिम सजायका लागि सिफारिस गरि पाउँ। यिनै चुवाहट गरिएका सामाग्रीका आधारमा आरोप प्रमाणित नहुँदै मलाई देशकै सबै भन्दा ठुलो बिचौलिया , फिक्सर जस्ता उपनाम दिई मिडिया ट्रायल गरि दोषि सरह प्रस्तुत गरिएको छ र मेरी श्रीमतिले कागज गर्न जाँदा समेत प्रहरीको फन्दामा परेको भन्ने जस्ता शव्दहरु लेख्ने भन्ने कार्य गरि बदनाम गराइएको छ । यसबाट नेपालको संबिधानको धारा २० को न्याय सम्बन्धि हक ले प्रदत्त गरेका निर्दोषिताको अनुमान स्वच्छ सुनुवाई र कानूनको दायरा भित्र रहि अनुसन्धान हुनु पर्ने

लगायतका मौलिक हक माथि कुण्ठित पार्ने कार्य समेत भएको छ । यसका साथै धारा २८ ले प्रदत्त गोपनियताको हक लाई समेत हनन गर्ने गरि नियोजित रुपमा म माथि गैरकानूनी कार्य गरि रहेकाले संग्लन व्यक्तिहरु पहिचान गरि आबश्यक कारबाही गरि पाउँ । मेरो र मेरो परिवारको जिउ ज्यानको रक्षा गरि पाउँ ।

५. व्यहोरा ठिक साँचो छ । फरक परे कानून वमोजिम सँहुला । बुझाउँला ।

निबेदक

इनम सापकोटाको तर्फवाट निजको एकाघरको श्रीमति कविता पाण्डे

काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं.२ ,

फोन नं. ९७४६६६३२६४

इति सम्बत २०८३ साल मंसीर ११ गते रोज ६ शुभम्.....